सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८० साल जेष्ठ २५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०७९/८० को सोह्रौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुक माया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्रराज घिमिरे | लेखा अधिकृत | |
| २ | विवेक कुमार पण्डित | प्रशासन अधिकृत | |
| ३ | सुदान मिश्र | सुचना प्रविधि अधिकृत | |

४ विदुर सुवेदी इन्जिनियर (आठौं)

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

## नगर-कार्यपालिकाको मिति २०८०/०२/१० गते बसेको आ.व २०७९/८० को सोह्रौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०२/१० गते बसेको आ.व २०७९/८० को पन्ध्रौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा २२ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट भएका प्राथमिता, मार्गदर्शन र वजेट सीमा तथा विषयगत समितिको बैठकको निर्णयहरु छलफल गरियो ।

**निर्णय नं ३**

आर्थिक वर्ष २०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन गर्न रोजगार सेवा केन्द्रको मिति २०७९ फागुन १ को बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन माग गरिएको सूचना अनुसार वडाबाट प्राप्त तपसिल बमोजिमका बेरोजगारहरुलाई स्थानीय तहमा सुचिकृत गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्ने र सुचिकृत बेरोजगार व्यक्तिहरुको बिवरण सार्वजनिकिकरण गर्ने ।

**तपसिल**

| वडा नं. | सुचिकृत बेरोजगारको संख्या | न्यूनतम रोजगारी पाउनसक्ने सुचिकृतको बेरोजगारको अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | ३४ | ५ | |
| २ | ११५ | ११ | |
| ३ | २१९ | २२ | |
| ४ | ७४ | ११ | |
| ५ | ५५ | ६ | |
| ६ | ५५ | ६ | |
| ७ | ७० | ७ | |
| ८ | ३६ | ५ | |
| ९ | ४६ | ६ | |
| १० | ३२ | ५ | |
| ११ | ५४ | ६ | |
| **जम्मा** | **७९०** | **९०** | |

**निर्णय नं ४**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत परामर्श सेवा खरिद शीर्षकबाट नगरपालिकाको ऐन नियम परिमार्जन र ४ वटा नयाँ ऐन बनाउन परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ५**

सुन्दरबजार अस्पताल र चन्द्रेश्वर प्रा.स्वा.के.मा कार्यरत कर्मचारीहरुको रात्री सेवा वापतको भत्ता सम्बन्धमा अस्पताल प्रशासनले पेश गरेको DUTY-LIST का आधारमा रु १०० को दिने भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं ६**

सु.न.पा ६ मा रहेको लक्ष्मीनारायण मन्दिरका पुजारी श्री दिनेश अधिकारीलाई मानसरोवर क्षेत्रको धार्मिक यात्राको लागि रु ३० हजार आर्थिक सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं ७**

सु.न.पा ७ को वार्षिक कार्यक्रम अनुसार नेवा: खल भवन मर्मत तथा व्यवस्थापन शीर्षकमा रकम अपुग भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री खरिदका लागि विनियोजित रकम रु ८०,००० बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ८**

सु.न.पा ११ मा रहेको साउनेपानी देवी आमा समूहको लागि महिला सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम संचालनको लागी सीप विकास, जनचेतना तथा गोष्ठी सम्बन्धी खर्च शीर्षकबाट रु ९८ हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

सु.न.पा ५ निवासी राम बहादुर के.सीले लेखेको "उपहार जीन्दगी " पुस्तक प्रकाशनका लागि रु ३० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत